# बागलुङ नगरपालिकाको प्रथम नगर सभा समक्ष नगर उप प्रमुख श्री सुरेन्द्र खड्काद्धारा प्रस्तुत नीति, कार्यक्रम तथा वजेट

नगर सभाका अध्यक्षज्यू तथा सभामा सहभागि सदस्यज्यूहरु ।

आगामी आ.व. २०७४।०७५ का लागि स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ र नेपाल सरकार संघीय मामिला स्थानीय विकास मन्त्रालयवाट प्राप्त अन्य विभिन्न निर्देशिका तथा कार्यविधि वमोजिमका प्रकृयालाई अवलम्बन गरी सहभागिता मुलक ढंगले तर्जुमा गरिएको छ । यस गरिमामय सभामा नगर प्रमुखज्यूद्धारा प्रस्तुत नीति तथा कार्यक्रमहरुले निर्दिष्ट गरेका लक्ष र उद्धेश्यवाट प्राप्त मार्ग दर्शन, सहस्रब्दी र दीगो विकास लक्ष्य, क्षेत्रगत राष्ट्रिय नीतिहरु एवं योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगत तथा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनवाट प्राप्त उपलब्धीहरु समेतका आधारमा आगामी आ.व. का लागि प्रस्तुत बजेट तथा कार्यक्रम तयार गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट नगरपालिकाले लक्षित गरेका उदेश्यहरु हासिल गर्नका साथै राष्ट्रिय लक्ष्य हासिल गर्न समेत टेवा पुग्न जाने विश्वास लिईएको छ ।

राजश्व परिचालनलाई प्रभावकारी बनाउन करको दायरा फराकिलो पार्ने, एकीकत सपत्ति कर लाई प्रमुख आधारको रुपमा लिदै अन्य करहरुलाई बस्तुगत बिश्लेषणका आधारमा समेटदै र परिमाजन गर्दै जाने, कर प्रशासनलाई  सूचना प्रबिधिमा आधारित र करदाता मैत्री बनाउदैं लगिनेछ र यसको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

बिकासले बिनास निम्त्याउनु हंदैन र बिकासमा नगरबासीको अपनत्व कायम हुनु पर्दछ भन्ने मान्यताका साथ नगरबासीको उच्च र सार्थक सहभागितामा आधारित स्थानीय सीप साधन स्रोत तथा प्रबिधिको भरपूर उपयोग मा आधारित बिकास योजना मा जोड दिंदै संपन्न योजनाको मर्मत संभारको जिम्मा स्थानीय उपभोक्तालाई दिने व्यवस्थालाइ संस्थागत गर्दै सक्षम बनाउन आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ ।

ठूला र एकै प्रकृतिका योजनाहरुलाई स्थान बिशेषको आधारमा क्लस्टरिङ गरी फरक फरक निर्माण व्यवसायी मार्फत निर्माण कार्य गराउंदा समयमै योजना संपन्न गर्न सहयोग पुग्ने देखिएमा त्यसको लागि  आवश्यक व्यवस्था मिलाईने छ । आ.ब. को अन्यतिर आएर हतारमा काम गर्ने र कामको गुणस्तर पनि न्यून हुने साथै नगरका लागि आएको रकम पनि फ्रिज हुने कार्य संस्कृतिमा व्यापक रुपमा परिबर्तन गर्दै सबै योजनाहरुको कार्यान्वयनको कार्ययोजना बनाइ समयमै योजना संपन्न गर्ने व्यवस्था मिलाइने छ ।

श्रद्धेय **नगर सभाका अध्यक्ष महोदय**

आगामी आ.व. २०७४।०७५ को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्नु भन्दा पहिले गत आ.व. २०७२/०७३ को यथार्थ आय व्यय एवं चालु आ.व. २०७३/०७४ को संशोधित आय व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आ.व. २०७२।०७३ को संक्षिप्त आय तथा व्यय विवरण**

| सि.नं | आ.व. | आय | व्यय | कैफियत |
|---|---|---|---|---|
| १ | २०७२।०७३ | **रु १५,३६,९२,३३२।३६** | **रु १४,३५,९४,७१८।९०** | यथार्थ |

गत आ.व.२०७२/०७३ का लागि केन्द्रीय अनुदान, केन्द्रीय स्तरका कार्यक्रमहरु सामाजिक सुरक्षा कार्यक्रम, उदियमान नगरपरियोजना, आन्तरिक आय राजश्व बाँडफाँड, सामाजिक परिचालन, शहरी गरिवि न्युनिकरण कोष लगायतका कोष व्यवस्थापन, शहरी स्वास्थ्य केन्द्र सञ्चालन लगायतका शीर्षकहरुवाट कुल **१६,५६,६२,६७८।६८ ( पन्ध्र करोड छपन्न लाख वैसठ्ठी हजार छ सय अठहत्तर रुपैया )** संशोधित आय अनुमान गरिएकोमा स्थानीय कर दस्तुर राजश्व बाँडफाँड न.पा.अनुदान पुंजिगत, स्थानीय निकाय अनुदान चालु तथा पुंजि, शहरी शासकीय तथा क्षमता विकास कार्यक्रम, सामाजिक परिचालन, जगेडा कोष कार्यक्रम र सडक वोर्ड कार्यक्रम समेतको केन्द्रीय अनुदान, सौर्य सडक वत्ति, उदीयमान नगर परियोजना (**शहरी शासकीय क्षमता विकास कार्यक्रम**) ऋृण तथा अनुदान राजश्व सुधार, फोहेरमैला व्यवस्थापन, शहरी स्वास्थ्य केन्द्र सञ्चालन लगायतका विभिन्न केन्द्रीय श्रोत र आन्तरिक कोष तथा जिम्मेवारी सरेको समेतवाट गरी जम्मा रु **१५,३६,९२,३३२।३६ ( पन्ध्र करोड छत्तिस लाख वयानव्वे हजार दुई सय वत्तिस रुपैया )** यथार्थ आय प्राप्ती भएको छ ।

**श्रद्धेय सभाका अध्यक्ष महोदय**

आ.व. २०७२।०७३ मा भएको यथार्थ प्राप्ती मापनका आधारमा नगरका योजना तथा कार्यक्रमहरुलाई शहरी विकास तथा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, स्वास्थ्य सरसफाई तथा वातावरण, प्रशासन संगठन तथा संस्थागत विकास र राजश्व परिचालन तथा व्यवस्थापन, सामाजिक सुरक्षा वृत्ति समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईए अनुसार गत आ.व. ०७२।०७३ को कुल यथार्थ आय रु **१५,३६,९२,३३२।३६ ( पन्ध्र करोड छपन्न लाख वैसठ्ठी हजार छ सय अठहत्तर रुपैया )** मध्ये उपभोग, कार्यालय सञ्चालन, सेवा, अनुदान तथा पुजि निर्माण तर्फको चालु तर्फ रु १,७८,१५,१७१।८३।- सडक, खानेपानी, भवन निर्माण लगायतको पुर्वाधार विकास तर्फ रु ५,१३,४८,६७५।६६, पार्क उद्यान, खेलकुद, लक्षित वर्ग सशक्तिकरण तथा सामाजिक परिचालन समेतको आर्थिक तथा सामाजिक विकास तर्फ रु ३,५६,१०,६८७।५८ स्वास्थ्य सरसफाई वातावरण संरक्षण तथा ल्याण्डफिल साईट निर्माण तर्फ १,०४,१३,१७१।- सामाजिक परिचालन तथा संस्थागत क्षमता विकास तर्फ रु ८१,७६,२७७।८३ सवारी साधन खरिद तर्फ रु ३३,३४,३४५।- संस्थागत विकास तथा राजश्व सुधार तर्फ १५,७०,८९०।- सामाजिक सुरक्षा तर्फ रु १,५३,२५,५००।- गरी जम्मा रु **१४,३५,९४,७१८।९० ( चौध करोड पैतिस लाख चौरानव्वे हजार सात सय अठार रुपैया )** यथार्थ खर्च भै भुक्तानी दायित्व सहित विभिन्न कोष तर्फ मौज्दात रु १,००,९७,६१३।४६ चालु आ.व. २०७३।०७४ का लागि जिम्मेवारी सरी आएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

**श्रद्धेय सभाका अध्यक्ष ज्यू**

अव म चालु आ.व. २०७३/२०७४ का लागि संशोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**आ.व. २०७३।०७४ को संक्षिप्त आय तथा व्यय विवरण**

| सि.नं | आ.व. | आय | व्यय | कैफियत |
|---|---|---|---|---|
| २ | २०७३।०७४ | **रु २२,३४,८६,२८०।९२** | **रु २२,३४,८६,२८०। ९२** | संशोधित |

स्थानीय कर दस्तुर तर्फ रु १,५०,०००००।-,राजश्व बाँडफाँड तर्फ रु ७६,५०,०००।- केन्द्रिय अनुदान तर्फ न.पा.अनुदान चालु तथा पुंजिगत अनुदान तर्फ रु ४,६४,८५,०००।-, शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम तर्फ रु ५९,३७,०००।- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु ३८,६६,०००।- पुर्वाधार विकास कार्यक्रम तर्फ रु १,१९,७४,०००।- सडक वोर्ड कार्यक्रम तर्फ रु ६२,००,०००।-, शहरी स्वास्थ्य केन्द्र सञ्चालन तर्फ रु १६,४८,०००।- सामाजिक सुरक्षा तर्फ रु ३,२०,९९,०००।- सौर्य सडक वत्ति जडान तर्फ रु ४१,२८,०००।- फोहोरमैला व्यवस्थापन तर्फ रु ३०,००,०००।- उदियमान नगर परियोजना अन्तर्गत नगर विकास कोषवाट प्राप्त हुने ऋृण तर्फ रु १,४५,०७,११७।- र अनुदान तर्फ रु ३,०९,७६,८५४।४५  जनसहभागिता ठुला तथा पुर्वाधार विकास कार्यक्रम, सडक वोर्ड कार्यक्रम र सौर्य सडक वत्ति जडान कार्यक्रम समेत तर्फ रु १,५४,६३,०००।-, शहरी गरिवि न्युनिकरण कोष तर्फ रु ४१,००,०००।- नगरपालिका कोष तथा विभिन्न कोष तर्फ वाट जिम्मेवारी सरी आएको रु ९६,५२,३०९।४६ अन्य शिर्षक तर्फ रु ८,००,०००।- र संघीय संरचना निमाएण अनुदान रु १,०००००००।- गरी जम्मा **रु २२,३४,८६,२८०।९२ ( वाईस करोड चौतिस लाख छयासी हजार दुईसय असि रुपैया )** आयको संशोधित आय अनुमान गरिएको छ ।

**श्रद्धेय सभाका अध्यक्ष ज्यू**

आ.व. २०७३।०७४ का लागि गरिएको संशोधित अनुमानका आधारमा नगरको समग्र लगानीलाई प्रशासन संगठन तथा संस्थागत विकास,शहरी विकास तथा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, स्वास्थ्य सरसफाई तथा वातावरण, र राजश्व परिचालन तथा व्यवस्थापन, सामाजिक सुरक्षा वृत्ति समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईएको छ । चालु आ.व. २०७३।०७४ को कुल अनुमानीत आय रु २१,३४,८६,२८०।९२ मध्ये उपभोग, कार्यालय सञ्चालन, सेवा, अनुदान तथा पुजि निर्माण तर्फको चालु खर्च रु २,३८,०४,०००।-, भवन निर्माण तथा मर्मत सुधार तर्फ रु १,०५,६२,०००।- नगर चक्रपथ स्तरोन्नती सहित सडक तथा नाली निर्माण जनसहभागिता समेत रु १०,३६,३६,९७१।४६, पैदल मार्ग निर्माण सुधार तर्फ रु २६,४८,०००। गरी सौर्य सडक वत्ति जडान तर्फ रु १,०००,२५००।- अन्य योजना तथा कार्यक्रम तर्फ रु १,४१,५४,३०९।४६, पुर्वाधार विकास तर्फ रु १४,३६,१७,८०६।९२ कुल वजेटको ६३.५३ प्रतिशत, शहरी स्वास्थ्य तर्फ रु ४३,१६,०००।- स्वास्थ्य सरसफाई तथा वातावरण संरक्षण तर्फ रु ७८,७५,०००।-, गरी १,२१,९१,०००।- खानेपानी तर्फ २६,१४,०००।- पार्क उद्यान निर्माण तथा सञ्चालन जस्ता आर्थिक तथा सामाजिक विकास रु ३१,२८,५००।- शहरी गरिवि न्युनिकरण कोष परिचालन तर्फ रु ४१,००,०००।-, सामाजिक सुरक्षा तर्फ ३,२०,९९,०००।-, सामाजिक परिचालन तर्फ रु ४१,४६,०००।- लक्षित वर्ग महिला वालवालिका, दलित जनजाति जेष्ठ नागरिक फरक क्षमता भएका तथा पिछडिएका वर्ग सशक्तिकरण तर्फ महिला, वालवालिका, जेष्ठ नागरिक दलित जनजाति मुस्लीम फरक अपांगता भएकाहरुकालाई प्रत्यक्ष लाभ हुने आयोजना तर्फ रु ७७,४२,०००।- र क्षमता विकास तथा आयआर्जन कार्यक्रम तर्फ रु ३३,१५,०००।-  अन्य विभिन्न कार्यक्रम तर्फ रु १३,००,०००।- गरी  **२२,३४,८६,२८०। ९२** वाँडफँडको संशोधित व्यय अनुमान गरिएको छ ।

**श्रद्धेय सभा अध्यक्षज्यू**

अव म आगामी आ.व. २०७४/०७५ लागि अनुमानीत आय, व्यय विवरण र योजना तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**आ.व. २०७४।०७५ को संक्षिप्त आय तथा व्यय विवरण**

| सि.नं. | आ.व. | आय | व्यय | कैफियत |
|---|---|---|---|---|
| ३ | २०७४।०७५ | **रु ६९,२३,१७,०००।-** | **रु ६९,२३,१७,०००।-** | अनुमानित |

स्थानीय कर दस्तुर तथा सेवा शुल्क तर्फ रु २,००,७७ **दुई करोड सतहत्तर हजार रुपैया,** राजश्व बाँडफाँड तर्फ १,६५,०० **एक करोड पैंसठ्ठी लाख रुपैया,** केन्द्रीय अनुदान तर्फ निशर्त अनुदान २५,२६,९६, **पच्चिस करोड छब्विस लाख छयानव्वे हजार रुपैया** वित्तिय समानीकरण तर्फ रु २४,८९,१७, **चौविस करोड उनानव्वे लाख सत्र हजार रुपैया,** प्रदेश सरकारवाट प्राप्त अनुदान ३,५६,२७ **दुई करोड छपन्न लाख सत्ताईस हजार रुपैया,** सडक वोर्ड कार्यक्रम तर्फ रु ३९,०० **उनन्चालिस लाख रुपैया,** सामाजिक सुरक्षा तर्फ रु ९,५८,५०.१३८ **नौ करोड अन्ठाउन्न लाख पचास हजार एकसय अठतिस रुपैया,** सौर्य सडक वत्ति जडान तर्फ रु १०,००० **एक करोड रुपैया,-** शहरी गरिवि न्युनिकरण कोष लगायतका आन्तरिक कोष परिचालन तर्फ रु ४७,७०.८६२ **सतचालिस लाख सत्तरी हजार आठसय वैसठ्ठी रुपैया,** र जनसहभागिता तर्फ ३९७९ उनान्चालिस लाख उनासी हजार गरी रु ६९,२३,१७, **उनान्सत्तरी करोड तेईस लाख सत्र हजार रुपैया मात्र** आय हुने अनुमान प्रस्ताव गरिएको छ ।

**श्रद्धेय सभाका अध्यक्ष ज्यू**

आ.व. २०७४।०७५ का लागि गरिएको अनुमानित आयका आधारमा नगरको समग्र लगानीलाई प्रशासन संगठन तथा संस्थागत विकास, शहरी पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, स्वास्थ्य सरसफाई तथा वातावरण, र राजश्व परिचालन तथा व्यवस्थापन, सामाजिक सुरक्षा वृत्ति समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईएको छ । चालु आ.व. २०७४।०७५ को कुल अनुमानीत आय रु ६९,६४,६७, उनान्सत्तरी **करोड चौंसठ्ठी लाख सतसठ्ठी हजार** मध्ये नगर कार्यपालिका र वडा कार्यालय सञ्चालन सेवा, तथा अनुदान समेतको उपभोग खर्चमा रु **६,६९,००,०००**।- **छ करोड उनसत्तरी लाख रुपैया**, संस्थागत पुजि निर्माणमा रु ७५,००,०००।- **पचहत्तर लाख रुपैया** विनियोजन गरिएको छ । नगरका मुख्य मुख्य सडकहरु स्तरोन्नती तर्फ रु ७,१०,००,०००।- **सात करोड दश लाख** रुपैया, सडक बोर्ड तर्फ रु ५५,७१,०००।- **पचपन्न लाख एकहत्तर हजार रुपैया,** गरि सडक तर्फ कुल रु **७,६५,७१,०००।- सात करोड पैंसठ्ठी लाख एकहत्तर हजार रुपैया,** खानेपानी आयोजना तर्फ रु **१,७५,००,०००।- एक करोड पचहत्तर लाख रुपैया,** वडा नं ४ दावगह्रमा वसपार्क निर्माणका लागि रु ४०,००,०००।- **चालिस लाख रुपैया,** वडा स्तरीय भौतिक पुर्वाधार योजना तर्फका योजना सञ्चालन गर्ने गरी रु ५,००,००,०००।- **पाँच करोड रुपैया** वडा नं १, २, ३ ४ समेतको शहरी सडक तथा नाली निर्माणमा ३,००,००,००।- **तिन करोड रुपैया** समेत शहरी पुर्वाधार विकास तर्फ रु **१७,८०,७१,०००।- सत्र करोड असि लाख**

**एकहत्तर हजार रुपैया,** खर्च हुने गरी विनियोजनको व्यवस्था मिलाईएको छ । आर्थिक सामाजिक विकास तर्फका रोजगारी प्रबर्धनका लागी रु २०,००,०००।- **बिस लाख रुपैया,** कृषि हाट बजारका लागी रु १०,००,०००।- **दश लाख रुपैया,** गरिविसंग बागलुङ नगरपालिका मा रु २५,००,०००।- **पच्चिस लाख रुपैया,** घरेलु तथा साना उद्योग विकास कार्यक्रम तर्फ रु १५,००,०००।- **पन्ध्र लाख रुपैया,** गरिवि न्यूनिकरण अन्य कोष परिचालन तर्फ रु ४७,७०,८६२।- **सतचालिस लाख सत्तरी हजार आठसय वैसठ्ठी रुपैया,** लक्षित बर्ग मुल प्रवाहिकरण कार्यक्रम तर्फ रु ५०,००,०००।- **पचास लाख रुपैया**, विपद व्यवस्थापन कोष कार्यक्रम तर्फ रु १०,००,०००।- **दश लाख रुपैया**, जोखिमपूर्ण श्रम राहत कोष तर्फ रु ५,००,०००।- **पाँच लाख रुपैया**, वैकल्पिक उर्जा सौर्य सडक बत्ति तर्फ रु १,४८,०८,०००।- **एक करोड अठचालिस लाख आठ हजार रुपैया,** युवा तथा खेलकुद विकास तर्फ रु १,६५,००,०००।- **एक करोड पैसठ्ठी लाख रुपैया,** कला संस्कृति तथा साहित्य तर्फ रु ५,००,०००।- **पाँच लाख रुपैया,** पञ्चकोट, भैरवस्थान, मालिका र रगंवैकटेश्वर, निरयघाट क्षेत्र विकास कार्यक्रम तर्फ रु १,००,००,०००।- **एक करोड रुपैया,** पर्यटन पुर्वाधार, पार्क पोखरी प्राकृतिक सौन्दर्यता निर्माण, संरक्षण तथा होमस्टे संञ्चालन तर्फ रु ५०,००,०००।- **पचास लाख रुपैया,** पर्यटन सूचना केन्द्र सञ्चालन तर्फ रु १०,००,०००।- **दश लाख रुपैया**, कालिका वन्यजन्तु संरक्षण उद्यान कार्यक्रम सञ्चालन तर्फ रु १५,००,०००।- **पन्ध्र लाख रुपैया,** पञ्चकोट, भैरवस्थान, मालिका, रंग वेंकटेश्वर मन्दिर, निरयघाट क्षेत्र विकास संसारकोट कारीकोट सिगाना भकुण्डे तथा रायडाँडा पर्यटन क्षेत्र विकास कार्यक्रम ४०,००,०००। चालिस लाख रुपैया, भैपरी कोष रु ३५,००,०००।- **पैतिस लाख रुपैया,** विभिन्न क्षेत्रगत अनुसन्धानात्मक कार्यक्रम तर्फ १०,००,०००।- **दश लाख रुपैया,** सवारी पार्किङ्ग स्थल निर्माण व्यवस्थापन तर्फ ३०,००,०००।- **तिस लाख रुपैया,** मर्मत सम्भार कोष तर्फ १५,००,०००।- **पन्ध्र लाख रुपैया,** पत्रकार महासंघ भवन निर्माण रु १०,००,०००।- **दश लाख रुपैया** गरी आर्थिक तथा सामाजिक विकास तर्फ रु ८,१५,७८,८६२।- **आठ करोड पन्ध्र लाख अठहत्तर हजार आठसय वैसठ्ठी रुपैया** विनियोजन गरिएको छ ।

**श्रद्धेय सभाका अध्यक्षज्यू**

शहरी स्वास्थ्य केन्द्र सञ्चालन तर्फ रु ८,००,०००।- **आठ लाख रुपैया**, नियमित नाली सरसफाई कार्यक्रम तर्फ रु १२,००,०००।- **बाह्र लाख रुपैया,** मालढुगा देखि कुडुलेसम्म विभिन्न प्रजातिका फुल तथा विरुवा रोपण तर्फ २०,००,०००।- **विस लाख रुपैया** गरी जनस्वास्थ्य तथा सरसफाई तर्फ रु ४०,००,०००।- **चालिस लाख रुपैया** विनियोजन गरिएको छ । पुजि निर्माण (डोजर ट्रिपर) खरिद तर्फ रु ५०,००,०००।- **पचास लाख रुपैया**, विद्युतीय शासन प्रणाली तर्फ रु १०,००,०००।- **दश लाख रुपैया,** नगरको आवधिक योजना निर्माण रु १०,००,०००।- **दश लाख रुपैया,** राजश्व सुधार कार्ययोजना रु ५,००,०००।- पाँच **लाख रुपैया** समेत गरि संस्थागत क्षमता विकास तर्फ रु ७५,००,०००।- **पचहत्तर लाख रुपैया** सामाजिक सुरक्षा भत्ता वितरण तर्फ ९,५८,५०,१३८। **नौ करोड अन्ठाउन्न लाख पचास हजार एकसय अठतिस रुपैया,** विषयगत शाखाहरुको कार्यक्रम सञ्चालन तर्फ रु २४,८९,१७,०००।- **चौविस करोड उनानव्ये लाख सत्र हजार रुपैया** र नगर विकास कोर्षलाई ऋणको व्याज फिर्ता रु २०,००,०००।- **विस लाख रुपैया** समेत गरी कुल रु **६९,२३,१७,०००।- उनान्सत्तरी करोड तेईस लाख सत्र हजार रुपैया** खर्च हुने गरि क्षेत्रगत बाँडफाँड को व्यवस्था मिलाईएको छ । आय तथा व्यवको विस्तृत विवरण विभिन्न अनुसूचीहरुमा उल्लेख गरिएको छ ।

**श्रद्धेय सभाध्यक्ष महोदय**

चालु आ.व.२०७३।७४ मा संघिय संरचना निर्माण तर्फ बाट संचालन हुने गरि स्विकृत भै सञ्चालनमा रहेका ( रु **८०,००,०००।- असि लाख रुपैया वरावरका** ) तर काम वाँकी रहेका पुर्वाधार तर्फका विभिन्न आयोजनाहरु यथावत रुपमा संचालन हुने व्यहोरा समेत सम्मानित सभा समक्ष प्रस्तु गर्न चाहन्छु ।

**श्रद्धेय सभाका अध्यक्षज्यू**

नगरमा सञ्चालित सवै प्रकाका योजना तथा कार्यक्रमहरुको कार्यान्वियन गर्दा पुर्व सम्भाव्यता अध्ययन संझौता अनुगमन सार्वजनिक परिक्षण र अनुगमन मुल्यांकन गरी अन्तमा फरफारक गर्ने प्रकृया अवलम्वन गरी योजना कार्यान्वयन तथा अनुगमन प्रकृयालाई प्रभावकारी वनाईने छ । नगरको गरिविलाई न्युनिकरण गर्दै लैजाने हेतुले स्थापना गरिएको शहरी गरिवि न्युनिकरण कोषको रकमलाई आर्थिक विकासको दृष्टिले पछि रहेका नगरवासीहरुको अधिकतम हितमा परिचालन गरी नगरको गरिविलाई क्रमशः घटाउदै लैजाने गरी ठोस उपलव्धीमुलक कार्ययोजनाका आधारमा कोष परिचालन गरिने छ ।

**श्रद्धेय सभाका अध्यक्षज्यू**

कुनै एक क्षेत्रको विकासले मात्र समग्र नगरपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थतालाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सवै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नजाने विश्वास लिईएको छ । अर्को तर्फ सीमित श्रोत र साधनलाई प्राथमिकताको आधारमा बांडफांड गर्दा श्रोत छिरोलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन र दिगो र ठोस उपलव्धि हाँसील होस भन्ने उद्धेश्यले आवश्यकताका आधारमा रकम विनियोजन गर्ने प्रयाश गरिएको छ । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होईन यसको लक्ष्य एवं उद्देश्य प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन एवं अनुगमन, मूल्याकंन जरुरी हुन्छ । उपरोक्त वजेट नीति, तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण नगरवासीहरु एवं सम्बद्ध सवै पक्षहरुबाट सहयोग, सल्लाह, सुझाव एवं सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष वा परोक्ष सहयोग पुर्‍याउनु हुने सम्पूर्ण नगरवासीहरुमा धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

मिति २०७४ साल आषाढ ३१ गते रोज ७

सुरेन्द्र खड्का
नगर उप प्रमुख
वागलुङ नगरपालिका वागलुङ